आमचोक गाउँपालिकाका अध्यक्ष श्री असोक राईज्यूको अध्यक्षतामा बसेको गाउँ सभाको २० औं अधिवेशनको दोस्रो बैठकका निर्णयहरु

निर्णय नं. १

मिति २०८३/०३/१० गते बसेको आमचोक गाउँपालिकाको गाउँ सभाको बिसौं अधिवेशनको प्रथम बैठकमा गाउँपालिकाका अध्यक्ष श्री अशोक राईज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमलाई सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय भयो।

निर्णय नं. २

उपाध्यक्ष श्री सिता राईज्यूले पेश गर्नुभएको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३ को सम्बन्धमा दफाबार छलफल हुँदा संलग्न आर्थिक विधेयकलाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो।

निर्णय नं. ३

गाउँ सभाको २० औं अधिवेशनको प्रथम बैठकमा पेश भएको आमचोक गाउँपालिकाको विनियोजन ऐन,२०८३ को सम्बन्धमा छलफल हुँदा संलग्न विनियोजन ऐनलाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो।

निर्णय नं. ४

यस आमचोक गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको प्रथम बैठकमा उपाध्यक्ष श्री सिता राईज्यूबाट पेश भएको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रमको सम्बन्धमा सभामा छलफल हुँदा सभाका सदस्यहरुबाट प्राप्त संशोधन प्रस्ताव तथा राय समेतको सन्दर्भमा निर्णयार्थ प्रस्तुत हुँदा प्रथम बैठकमा पेश भएबमोजिम नै अनुमानित कुल आय रु. ४९,९२,५४,६२६।०० (उनन्पचास करोड बयानब्बे लाख चौवन्न हजार छ सय छब्बिस रुपैया मात्र) स्वीकृत गरी सोही बमोजिम प्रस्तुत भएको संलग्न विनियोजित बजेट तथा कार्यक्रमका हकमा संशोधन प्रस्ताव बमोजिम कुल बजेटमा फरक नपर्ने गरी सामान्य नाम तथा कार्यक्रम थप गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो।

निर्णय नं. ५

गाउँ सभाको बिसौं अधिवेशनको दोस्रो बैठकमा न्यायिक समितिका संयोजक श्री सिता राईज्यूबाट प्रस्तुत भएको न्यायिक समितिको प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय भयो।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
कोशी प्रदेश, नेपाल
२०७३

प्रमाणिकरण

०८३।३।३१

अशोक राई
अध्यक्ष

निर्णय नं. ५

आमचोक गाउँपालिकाको गाउँ सभाको बिसौं अधिवेशनमा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनबाट यस गाउँपालिकाको नाममा औल्याइएका बेरुजु सम्बन्धमा विस्तृत रुपमा अध्ययन तथा छलफल गरी बेरुजुको फछ्र्यौट तथा असुल उपर सम्बन्धमा आवश्यक कारवाहीका लागि अर्थ तथा सार्वजनिक लेखा समितिमा पठाउने।

निर्णय नं. ७

आमचोक गाउँपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८३।०८४ को लागि तालिम र गोष्ठीमा खर्च गर्ने मापदण्ड स्वीकृत गर्ने निर्णय भयो।

निर्णय नं. ७

आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को दररेट निर्धारण गर्नका लागि गाउँ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

प्रमाणिकरण

०८२।३।३१

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
कोशी प्रदेश, नेपाल
२०७३

अशोक राई
अध्यक्ष